कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६
सचिवज्यू: ०८३-५२२५२१
प्रशासन शाखा: ०८३-५२
फ्याक्स न.०८३-५२५७७८

पत्र संख्या : २०७९।०८० (विपद् व्यवस्थापन शाखा) च.नं. मितिः ०७९/०६/०१

विषयः- <u>विज्ञप्ति</u>।

जल तथा मौसम विज्ञान बिभाग,काठमाण्डौका अनुसार मनसुनको न्यून चापीय रेखा पश्चिमी भू-भागमा सरदर स्थानमा र पूर्वी भू-भागमा सरदर स्थान भन्दा उत्तरमा साथै भारतको उत्तर प्रदेशको आसपासमा न्यून चापीय क्षेत्र पनि अवस्थित रहेको छ। हाल पश्चिमी बायु सक्रिय रहेकाले कर्णाली प्रदेशका थोरै स्थानहरुमा मेघ गर्जन/चटयाङ सहित हल्का देखि मध्यम वर्षा भइरहेको छ भने अझै केहि दिन सामान्य वर्षा भईरहने पूर्वानुमान छ ।यसबाट पहाडी तथा भिरालो जमिनमा भू-क्षय, पहिरोको जोखिम, सडक तथा हवाई यातायातमा सामान्य प्रभावको सम्भावना रहेको छ।साथै नदी नाला तथा खहरे खोलाहरूमा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन/ यातायात क्षेत्र समेत प्रभावित हुन सक्ने भएकोले पहिरो जोखिम भएका बस्ती,नदी तटीय क्षेत्र र डुवान भईरहने होचा भूभागमा रहनु हुने बासिन्दाहरूले उच्च सतर्कताका साथ सुरक्षित रहनुहोला साथै अन्य सम्पूर्ण सरोकारवाला निकायलाई पूर्वतयारी तथा सम्भावित विपदमा प्रतिकार्यका लागी आवश्यक तयारी अवस्थामा रहन अनुरोध छ।

२०७९।६।१

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

विपद् शाखा इमेलः moial.bipad@gmail.com

Scanned with CamScanner